UNITED NATIONS MISSION IN NEPAL

नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन

UNMIN

# प्रेस विज्ञप्ति
# ईयान मार्टिन
# संयुक्त राष्ट्रसंघीय महासचिवका विशेष प्रतिनिधि
# २९ माघ २०६३

तराईमा भैरहेको मृत्यु, चोटपटक र सम्पतिहानिबारे आफ्नो खिन्नता व्यक्त गर्दै मैले अघिल्लो प्रेस विज्ञप्ति शुरु गर्नु परेको थियो, तर आज म सरकारी टोली र जनजाति लगायतका मधेशी संस्थाहरुका प्रतिनिधिहरुबीच हुन लागेको वार्ताबाट यो विज्ञप्ति शुरु गर्न पाउँदा हर्षित छु। यहाँहरुलाई विदितै छ कि संविधान सभा मार्फत नेपालको भविष्य बारे गरिनुपर्ने ऐतिहासिक निर्णयहरुमा पर्याप्त प्रतिनिधित्व होस् भन्ने महसुस गर्दै संयुक्त राष्ट्रसंघले महिला, दलित, मधेशी, जनजाति लगायतका सबै समूहहरुको महत्वलाई जोड दिएको छ। म शान्तिपूर्ण वार्तामार्फत यी वैधानिक मागहरुलाई प्रवर्द्धन गर्न सबै सरोकारवालाहरुलाई आह्वान गर्ने कामलाई निरन्तरता दिन्छु।

सम्पूर्ण अवरोध अवधिभरी नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन हतियार व्यवस्थापनको मूल कार्यमा केन्द्रित भएको छ र हतियार व्यवस्थापन कसरी भइराखेको छ भन्ने कुरा म आफैंले कैलाली र सुर्खेतमा देखेको छु। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यु यन डि पि) द्वारा फिल्डमा पठाईएका दर्ता टोलीहरु अन्तरिम कार्य दल र माओवादी शिविर स्थल कमाण्डरहरु संगको उत्कृष्ट सहयोग र हाम्रा हतियार अनुगमनकर्ताहरुको सुपरिवेक्षणमा काम गरिरहेका छन्। हिजो मैले तीनवटा पश्चिमी शिविर स्थलमा दर्ता भएका कुल हतियार तथा लडाकुहरु बारे सरकारका राजनीतिक प्रतिनिधिहरु र ने.क.पा.(माओवादी) लाई रिपोर्टिङ गरें र आज बिहान जेनरल विलहेल्मसेनले सोहीबारे संयुक्त अनुगमन समन्वय समिति( जे.एम.सी.सी.) लाई रिपोर्टिङ गर्नुभयो। आज दर्ता टोलीहरु पूर्वतिर लागेका छन् जहाँ सडक अवरोधका कारण मुख्य शिविरस्थलहरुमा प्रवन्ध मिलाउन केही ढिलो भएको छ। तर हामीले योजनाहरु तयार गरेका छौं जसले यसै हप्ताको अन्त्यमा सबै हतियारहरुको दर्ता र लडाकुहरुको दर्ताको पहिलो चरण पूरा गर्न सधाउ पुर्‍याउनेछ। त्यसपछि हामी सरकार तथा ने.क.पा.(माओवादी) नेतृत्वलाई हतियार तथा लडाकुहरुको पूर्ण संख्यावारे रिपोर्टिङ गर्नेछौं र यिनलाई कसरी सार्वजनिक गर्ने भन्नेबारे सरकार तथा ने.क.पा.(माओवादी) संग छलफल गर्नेछौं।

कैलाली र सुर्खेतमा हतियार भण्डारण र अनुगमनका लागि गरिएको प्रवन्ध देख्दा म सन्तुष्ट भएको छु। स्थलमा चौबीसै घण्टा बस्ने अन्तरिम कार्यदल र संयुक्त राष्ट्रसंघीय हतियार अनुगमनकर्ताहरुको उपस्थिति सहितको यो प्रणाली अन्य शिविरहरुमा भएझैं छ। यो हप्ताभरि हामी चौबीस घण्टे बन्द सर्किट टेलिभिजन निगरानीको जडानलाई जाँच्ने छौ। एउटा महत्वपूर्ण सवाल भनेको घरायसी विस्फोटक उपकरणहरु खासगरी सकेट बमहरुको नष्ट वा भण्डारण गर्नु हो र नेपाल सेनाले जमिनमुनी ओछ्याएका विस्फोटक पदार्थहरुलाई निष्कृय गर्नु हो। अहिले हामी संग यस विषयमा अगाडि कसरी बढ्ने सम्बन्धमा सल्लाह दिन र सम्बन्धित पक्षहरु संग छलफल सुरु गर्न दुई जना संयुक्त राष्ट्रसंघीय विज्ञहरु छन्।

शिविर स्थलहरुमा बसिरहेकाहरुको अवस्था संग म सन्तुष्ट छैन। यो अवस्था आश्रय , सरसफाई र पानी तथा विद्युत जस्ता आधारभूत सेवाको पहूँच संग सम्बन्धित छ। यो संयुक्त राष्ट्रसंघको प्रत्यक्ष दायित्वको विषय होईन, तर यसमा द्रुत रुपमा सुधार नआएमा यसले हाम्रो काममा गम्भीर प्रभाव पार्ने छ। त्यसलाई

UN House, GPO Box 107, Pulchowk, Kathmandu, Nepal,
Tel: + 977-1-5010036/37/38
Fax: +977-1-5010040

अत्यावश्यक आधारमा कसरी सम्बोधन गर्ने भन्नेबारे आफ्ना सुझावसहित यसबारे सरकार तथा माओवादी नेताहरुलाई आग्रह गरिसकेको छु ।

गएको सप्ताहअन्तमा उरुग्वे र रोमानियाबाट थप सातजना राष्ट्रसंघीय हातहतिर अनुगमनकर्ताहरु आई पुगे जसले गर्दा अब आइटिएफको सहयोगमा काम गर्ने राष्ट्रसंघीय अनुगमनकर्ताको संख्या हाल ४८ पुगेको छ । यो सप्ताहको अन्तसम्ममा उनिहरुको संख्या ६६ पुग्नेअपेक्षा गर्दछौं । फेब्रुअरिको अन्तसम्ममा संयुक्त अधिराज्य ,सेरा लेओनए, स्विट्जरल्याण्ड,ब्राजिल र गणतन्त्र कोरियाबाट गरि जम्मा ८० जना हाततियार अनुगमनकर्ताहरु आई पुग्नेछन् । नव आगन्तुकहरुले आफ्नो तालिम पूरागरिसके पश्चात हाम्रो भ्रमण र निरिक्षणहरुमा हामीलाई वल पुग्नेछ । हामीलाई आवतजावतलाई नभई नहुने गाडीहरु तराईका परिस्थितिले गर्दा भारतबाट आउनमा ढिलो भैरहेको छ । तर हामी यो हप्ता नै करिव ८० वटा गाडिहरु काठ्माडौं आईपुग्ने आशामा छौं । हाम्रा शुरुका दुईवटा हेलिकप्टरहरु आज पहिलो परिक्षण उडानमा उड्दैछन् र एकपटक सबै कार्यविधिहरुको काम सकिएपछि आफ्नो काम सुचारु गर्ने छन् ।

तराईका निर्वाचन क्षेत्रहरुका लागि थप सिटहरु बारे आठ दल बिच भएको सम्झौताले यी सिट र निर्वाचन प्रबन्धका यस्तै अन्य सबै पक्षहरु निर्वाचन विधानमा राखिन सकियोस् भन्नेकुरा बिर्सिनु हुन्न किनकी संबिधान सभा निर्वाचनको समयतालिकाको लागि सम्भव तुल्याउन यो  नितान्त आवश्यक पर्दछ । यस सम्बन्धमा समावेशिकरणकालागि राखिएका मागहरुलाई सम्बोधन गर्नु पर्ने आवश्यकतालाई मध्य नजर गर्दै अति आवश्यक महसुस गरिएको विधान तयार गर्न तत्काल निर्णय र कार्यवाहीका लागि प्रमुख निर्वाचन आयुक्तको सामयिक आह्वान प्रति ध्यान दिन म राजनितिक दलहरुलाई हार्दिक अनुरोध गर्दछु । निर्वाचन आयोगको यो विधान बनाउने कार्यमा अन्मिनले आफ्नो सहयोग सुचारु गर्दै आएको छ । हाल हामी संग १२ निर्वाचन सल्लाहकारहरु छन् र पाँच निर्वाचन क्षेत्रहरुमध्ये मा पहिलो निर्वाचन क्षेत्र बिराटनगरमा खटाई सकिएको छ । निर्वाचन आयोगले हामीलाई जानकारी दिए अनुसार बिशेष तराई लगायत केहि अन्य जिल्लामा मतदाता नामावली तयार गर्ने कार्यमा देखापरेका समस्या समाधान गर्न सकिन्छ, तर कतै कतैको स्थानिय मतदाता नामावली खोस्ने काम भएको रिपोर्ट मा मेरो ध्यान गएको छ । कानुन भन्दा बाहिर जाने अधिकार निर्वाचन आयोगलाई हुदैंन, कानुनलाई र्संसोधन गरी धेरैलाई समावेश गर्न सकिने ठाउँ छ भने पनि त्यो काम अन्तरिम संसद, जहाँ अहिले माओवादीका प्रतिनिधिहरु पनि छन्, का सदस्यहरुले गर्ने काम हो । दलका कार्यकर्ताहरुले कानुन हातमा लिएर गर्ने काम यो होईन ।

सबै विचारका जनता सङ्गठित हुन सक्ने र अभियान गर्न सक्ने निर्वाचनीय प्रक्रियालाई मात्र संयुक्त राष्ट्रसंघले स्वतन्त्र र निष्पक्ष भनी मान्यता दिने छ । जन आन्दोलनमा सो अधिकारको रक्षा गर्न संयुक्त राष्ट्रसंघले भूमिका निर्वाह गरेको थियो र संविधान सभा निर्वाचन अवधिमा पनि कुनै सम्झौता विना सोहि अधिकार रक्षा गर्ने हाम्रो मनसुवा छ । तसर्थ शनिवारका दिन लमजुङ र तनहूँ जिल्लामा आफ्ना अधिकारको अभ्यास गर्ने क्रममा दुई राजनितिक दल माथि भएको आक्रमण सम्बन्धि रिपोर्टहरु मेरा लागि अत्यधिक चिन्ताकाविषय हुन् । सबै दलले एक अर्काको अधिकारलाई कुन हदसम्म सम्मान गर्छन् भन्ने कुरा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन र मानव अधिकार उच्चायुक्तको कार्यालयले गहिरिएर अनुगमन गर्नेछ , तर हामीले काम गर्न सक्ने एउटा प्रभावकारी स्वतन्त्र राष्ट्रिय अनुगमन निकायका लागि मन्जुरी जाहेर गर्नाका निम्ति सम्बन्धित पक्षहरुलाई म पुनः आह्वान गर्दछु ।